# निवृत्तभरण भुक्तानी व्यवस्थापन कार्यविधि, २०८२

नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

## निवृत्तभरण व्यवस्थापन कार्यालय

त्रिपुरेश्वर, काठमाडौं

# निवृत्तभरण भुक्तानी व्यवस्थापन कार्यविधि, २०८२

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः अर्थ मन्त्रालय

२. निर्णय गर्ने अधिकारीः मा. उपप्रधानमन्त्री तथा अर्थ मन्त्री

३. निर्णय मितिः २०८२/०३/०५

४. दर्ता नं. र मितिः ०६/०८२, २०८२/०३/०९

**प्रस्तावनाः** निवृत्तभरण भुक्तानी व्यवस्थालाई सरल, सहज एवं पारदर्शी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यो कार्यविधिको नाम "निवृत्तभरण भुक्तानी व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि :

(क) "अधिकारपत्र" भन्नाले निवृतिभरण भुक्तानी पाउने गरी राष्ट्रिय कितावखाना वा सैनिक अभिलेखालय वा यस्तै प्रकृतिको निकायले जारी गरेको निवृत्तभरण अधिकारपत्र वा पारिवारिक निवृत्तभरण अधिकारपत्र सम्झनु पर्छ।

(ख) "कितावखाना" भन्नाले राष्ट्रिय कितावखाना वा सैनिक अभिलेखालय वा यस्तै प्रकृतिको अन्य निकाय सम्झनु पर्छ ।

(ग) "निवृत्तभरक" भन्नाले निवृत्तभरण लिइरहेको व्यक्ति, पारिवारिक निवृत्तभरण, असाधारण निवृत्तभरण, शैक्षिक र सन्तति वृति वा निवृत्तभरण व्यवस्थापन कार्यालयबाट निवृत्तभरण लिई रहेका व्यक्ति सम्झनु पर्छ।

(घ) "निवृत्तभरण भुक्तानी खाता" भन्नाले निवृत्तभरण पाउने व्यक्तिको नाममा बैङ्कले निवृत्तभरण प्रयोजनको लागि सम्बन्धित बैङ्कमा खोलिदिएको बचत खाता सम्झनु पर्छ।

(ङ) "निवृत्तभरण रकम" भन्नाले निवृत्तभरकले प्रचलित कानून बमोजिम मासिक रुपमा पाउने निवृत्तभरण रकम र सो रकममा हुने बृद्धि समेत गणना गरी कायम गरिएको रकम सम्झनु पर्छ।

(च) "बृद्धि रकम" भन्नाले प्रचलित कानूनमा भएको व्यवस्था बमोजिम तोकिएको निवृत्तभरण रकममा थप पाउने रकम सम्झनु पर्छ।

(छ) "बैङ्क" भन्नाले नेपाल राष्ट्र बैङ्कबाट 'क' वर्गको इजाजतप्राप्त बैङ्क तथा निवृत्तभरण भुक्तानी दिने अनुमति पाएको बैङ्क सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ ।

३. **निवृत्तभरण भुक्तानी खाताः** (१) किताबखानाबाट जारी भएको अधिकारपत्र बमोजिम निवृत्तभरकले इच्छाएको बैङ्कमा निवृत्तभरण भुक्तानी खाता खोल्न अनुसूची-१ बमोजिमको ढाँचामा निवृत्तभरण व्यवस्थापन कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयले बैङ्कलाई लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खाता खोल्न लेखी आएमा बैङ्कले राष्ट्रिय परिचयपत्र नम्बर र अन्य आवश्यक कागजात लिई शून्य मौज्दातमा निवृत्तभरण भुक्तानी खाता खोलिदिनु पर्नेछ।

तर बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिक भनी सम्बन्धित स्थानीय तहको वडा कार्यालयबाट सिफारिस भएका व्यक्ति र भारतीय निवृत्तभरकको हकमा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य हुनेछैन।

(३) उपदफा (१) बमोजिम पारिवारिक निवृत्तभरकको नाममा खाता खोल्न अनुरोध गरी पठाउँदा निवृत्तभरकको नाममा रहेको साविकको बैङ्क खाता बन्द गर्न समेत लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको खातावाट रकम झिक्न बाहेक अन्य कुनै कारोवार गर्न पाईने छैन।

४. **खाता सक्रिय हुने अवधिः** (१) दफा ३ बमोजिमको निवृत्तभरण भुक्तानी खाता निवृत्तभरकको हकमा एक वर्षसम्म र पारिवारिक निवृत्तभरकको हकमा छ महिनासम्म सक्रिय हुनेछ।

(२) उपदफा (१) बमोजिमको खातालाई पूनः सुचारु गराउन निवृत्तभरक स्वयं सम्बन्धित बैङ्कमा उपस्थित भई अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा बैङ्कले अधिकारपत्र प्रमाणित गरी खाता पुनः सुचारु गरिदिनु पर्नेछ।

तर, बायोमेट्रिक्स हाजिरी प्रणालीबाट खाता पुनः सुचारु गर्दा अधिकारपत्रमा प्रमाणित गर्नु पर्ने छैन।

५. **नियोगको सिफारिसमा खाता नवीकरण हुनेः** (१) दफा ४ बमोजिम विदेशमा रही स्वयम् उपस्थित हुन नसक्ने निवृत्तभरकले अनुसूची-३ वमोजिमको ढाँचामा विदेश स्थित कुनै नेपाली नियोगमा निवृत्तभरण भुक्तानी खाता नवीकरणको सिफारिसको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा विदेश स्थित नेपाली नियोगले निवृत्तभरक स्वयम् उपस्थित भई निवेदन दिएको व्यहोरा प्रमाणित गरी निवृत्तभरण व्यवस्थापन कार्यालयमा पठाइदिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस प्राप्त भएमा निवृत्तभरण व्यवस्थापन कार्यालयले दफा ४ को उपदफा (१) बमोजिमको अवधिको लागि गरिदिनु पर्नेछ।

६. **भर्चुअल माध्यमबाट खाता नवीकरण हुनेः** (१) दफा ४ र ५ बमोजिम निवृत्तभरण खाता सक्रिय गराउन नसक्ने निवृत्तभरकले बैङ्कमा सञ्चालनमा रहेको विद्युतीय प्रणाली मार्फत भर्चुअल उपस्थिति जनाई दफा ४ को उपदफा (१) बमोजिमको अवधिको लागि निवृत्तभरण खाता पुनः सक्रिय गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भर्चुअल माध्यमबाट उपस्थित हुने निवृत्तभरकको आधिकारिकता पहिचान गरी बैङ्कले निवृत्तभरण खाता पुनः सुचारु गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवृत्तभरण खाता पुनः सक्रिय गराउँदा बैङ्कलाई तिर्नु पर्ने सेवा शुल्क सम्बन्धित निवृत्तभरकले व्यहोर्नु पर्नेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरकलाई भर्चुअल माध्यमबाट खाता नवीकरण गर्न निवृत्तभरण व्यवस्थापन कार्यालयले उपयुक्त विद्युतीय प्रविधि प्रयोगमा ल्याउन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रविधि प्रयोग वापतको सेवा शुल्क मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

७. **रकम भुक्तानीः** (१) निवृत्तभरकको निवृत्तभरण रकम र सोमा प्रचलित कानून बमोजिम थप हुने रकम समेत हिसाव गरी निवृत्तभरण व्यवस्थापन कार्यालयले प्रत्येक महिनाको तेस्रो हप्तासम्ममा निवृत्तभरण भुक्तानी खातामा रकम जम्मा गरिदिनु पर्नेछ।

(२) शैक्षिक र सन्तति वृत्ति वापतको रकम निजको संरक्षकले खाता सञ्चालन गर्ने गरी भुक्तानी गर्न सकिनेछ।

(३) यस कार्यविधि बमोजिमको कारोबार गरे वापत बैङ्कले पाउने सेवा शुल्क मन्त्रालयले तोके बमोजिम हुनेछ।

(४) यस कार्यविधि वमोजिम निवृत्तभरण व्यवस्थापन कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयले हिसाब मिलान गर्ने प्रयोजनको लागि निवृत्तभरकको खाताबाट सरकारी कोषमा रकम फिर्ता गर्न वा समायोजन गर्न अनुसूची-४ बमोजिमको ढाँचामा बैङ्कलाई लेखी पठाउन सक्नेछ।

(५) यस कार्यविधि वमोजिम निवृत्तभरण व्यवस्थापन कार्यालयले माग गरेमा बैङ्कले निवृत्तभरण भुक्तानी खाताको स्टेटमेन्ट वा स्टेटमेन्ट हेर्न सक्ने गरी प्रणालीमा पँहुच दिनु पर्नेछ।

८. **<u>जानकारी गराउनु पर्नेः</u>** (१) निवृत्तभरण वा पारिवारिक निवृत्तभरण पाइरहेको निवृत्तभरकको मृत्यु भएमा निजको हकवालाले पैंतीस दिनभित्र निवृत्तभरण व्यवस्थापन कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयमा जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भए पछि निवृत्तभरकको खातामा रहेको रकम हिसाव गरी पारिवारिक निवृत्तभरण पाउने व्यक्ति वा निजको हकवालालाई भुक्तानी दिनु पर्नेछ।

(३) यस कार्यविधि बमोजिमको आजीवन परिवारिक वा असाधारण पारिवारिक जस्ता एक भन्दा बढी अधिकारपत्रको भुक्तानी एउटै निवृत्तभरण भुक्तानी खाता मार्फत गरिनेछ।

९. **<u>रकम असुल उपर हुनेः</u>** (१) निवृत्तभरण व्यवस्थापन कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयवाट कुनै निवृत्तभरकको भुक्तानी खातामा निजले पाउने रकम भन्दा बढी रकम भुक्तानी भएमा त्यसरी बढी भुक्तानी भएको रकम निजको खाताबाट तत्काल असुल उपर गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम असुल उपर नहुने भएमा निजले अर्को महिना पाउने रकमबाट क्रमशः कट्टा गरी असुल उपर गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम बढी रकम भुक्तानी भएको निवृत्तभरकको मृत्यु भैसकेको वा निजले निवृत्तभरण भुक्तानी लिन बाँकी रकम नरहेको भएमा त्यस्तो रकम निजको हकवालाबाट सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।

१०. **<u>अधिकारपत्रको तामेलीः</u>** (१) कुनै निवृत्तभरकको मृत्यु भएमा वा निवृत्तभरण पाउने अवधि समाप्त भएमा निवृत्तभरण व्यवस्थापन कार्यालयले त्यस्तो अधिकारपत्र तामेलीमा राख्ने निर्णय गरी निजको निवृत्तभरण भुक्तानी खातामा रहेको रकम हकवालालाई भुक्तानी दिन बैङ्कमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा बैङ्कले खातामा रहेको रकम हकवालालाई भुक्तानी दिनु पर्नेछ।

(३) कुनै निवृत्तभरकले निरन्तर पाँच वर्षसम्म निवृत्तभरण भुक्तानी खाता नवीकरण नगरेमा निवृत्तभरण व्यवस्थापन कार्यालयले त्यस्तो अधिकारपत्र तामेलीमा राख्ने निर्णय गरी निजको खातामा रहेको रकम राजस्व खातामा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम तामेलीमा राखिएको अधिकारपत्र पुनः सुचारू हुने भएमा सोही बमोजिम निर्णय गरी निवृत्तभरण व्यवस्थापन कार्यालयले निवृत्तभरकले पाउने सम्पूर्ण रकम हिसाब गरी निजको निवृत्तभरण खातामा जम्मा गरिदिनु पर्नेछ।

११. **निवृत्तभरण व्यवस्थापन कार्यालयलको काम र कर्तव्यः** यस कार्यविधि बमोजिम निवृत्तभरण व्यवस्थापन कार्यालयको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) निवृत्तभरकको निवृत्तभरण भुक्तानी खातामा रहेको रकम रोक्का राख्ने, फुकुवा गर्ने, सरकारी कोषमा रकम फिर्ता गर्ने वा समायोजन गर्ने,

(ख) कुनै एक स्थानको बैङ्कमा खाता खोली निवृत्तभरण भुक्तानी लिइरहेको निवृत्तभरकले कुनै अर्को स्थानको बैङ्कमा खाता खोली निवृत्तभरण भुक्तानी लिन चाहेमा साविकको खाता बन्द गरी नयाँ खाता खोलिदिन सम्बन्धित बैङ्कलाई सिफारिस गर्ने,

(ग) निवृत्तभरण भुक्तानीको लागि आगामी आर्थिक वर्षमा आवश्यक पर्ने वार्षिक बजेटको अनुमान गरी मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने,

(घ) निवृत्तभरकको जन्म मितिको आधारमा निश्चित उमेर पूरा भएपछि थप सुविधा पाउने रहेछ भने सो हिसाव गरी भुक्तानी दिने,

(ङ) निवृत्तभरण व्यवस्थापनसँग सम्बन्धित विषयमा कोष तथा लेखा नियन्त्रक कार्यालय र खाता सञ्चालन गर्ने बैङ्कको समन्वय र अनुगमन गर्ने,

(च) भुक्तानी  भएको निवृत्तभरण रकमको अभिलेख राख्ने तथा प्रतिवेदन दिने,

(छ) अन्य आवश्यक कार्य गर्ने ।

१२. **कोष तथा लेखा नियन्त्रक कार्यालयको काम र कर्तव्यः** यस कार्यविधि बमोजिम कोष तथा लेखा नियन्त्रक_कार्यालयको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) कुनै एक स्थानको बैङ्कमा खाता खोली निवृत्तभरण भुक्तानी लिइरहेको निवृत्तभरकले अर्को कुनै स्थानको बैङ्कमा खाता खोली निवृत्तभरण भुक्तानी लिन चाहेमा साविकको खाता बन्द गरी नयाँ खाता खोलि दिन सम्बन्धित बैङ्कलाई सिफारिस गर्ने,

(ख) निवृत्तभरण भुक्तानी खाता खोलिएको बैङ्क शाखा रहेको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले सवै सेवाबाट अवकाश प्राप्त निवृत्तभरकको निवृत्तभरण

सम्वन्धी हिसाव मिलान गर्ने, छुट हिसाब गर्ने, अधिकारपत्र तामेलीमा राख्ने, राष्ट्रिय परिचय पत्र नम्बर प्रविष्टि गर्ने, सात वर्षे पारिवारिक वा आजीवन पारिवारिक निवृत्तभरण कायम गर्ने वा निवृत्तभरणको आय प्रमाणित गर्ने,

(घ) निवृत्तभरण व्यवस्थापन सम्बन्धमा निवृत्तभरण व्यवस्थापन कार्यालयलको सम्पर्क कार्यालयको रुपमा काम गर्ने,

(ङ) भुक्तानी भएको निवृत्तभरण रकमको अभिलेख राख्ने तथा प्रतिवेदन दिने,

(च) अन्य आवश्यक कार्य गर्ने ।

१३. **खारेजी तथा बचाउ:** (१) निवृत्तभरण भुक्तानी व्यवस्थापन कार्यविधि, २०७० खारेज गरिएको छ।

(२) निवृत्तभरण भुक्तानी व्यवस्थापन कार्यविधि, २०७० बमोजिम भएगरेका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**अनुसूची -१**

**(दफा ३ को उपदफा (१) सँग सम्वन्धित )**

**निवृत्तभरकको खाता खोल्ने अनुरोध पत्र**

**निवृत्तभरण व्यवस्थापन कार्यालय/ कोष तथा लेखा नियन्त्रक कार्यालय**

**.........................**

मितिः..............................

विषयः– **निवृत्तभरण / पारिवारिक निवृत्तभरण भुक्तानी खाता खोलिदिने बारे** ।

श्री ... ... ... ... ... ... ... ... ...

**... ... ... ... ... ... ... ... ... ...**

निवृत्तभरण अधिकार पत्र नं. .................... का श्री/श्रीमती/सुश्री ................................को नाममा त्यस बैङ्कमा निवृत्तभरण भुक्तानी खाता खोली खाताको विवरण अद्यावधिक गरी दिनु हुन अनुरोध छ।

क. श्री ..................को मिति ................ मा मृत्यु भएकोले निजको खाता नं. ............ बन्द गरी दिनुहुन।

ख. बैङ्क स्टेटमन्ट अनुसार खातामा रकम जम्मा भएको बर्ष र महिना : ..................

ग. बैङ्क स्टेटमन्ट अनुसार खातामा मौज्दात रकम रु.: ......................

घ. श्री ..............को खाता नं.........बाट सरकारी पेन्सन समायोजन खातामा जम्मा गर्नु पर्ने रकम : रु. .......

छ. श्री............को खाता नं...............मा रु........... मौज्दात नभएमा पारिवारिक निवृत्तभरण खाता नखोलि कोष तथा लेखा नियन्त्रक कार्यालय वा निवृत्तभरण व्यवस्थापन कार्यालयमा स्टेटमेन्ट सहित सम्पर्कको लागि पठाइ दिनु हुन ।

**..........................................**

बोधार्थः–

श्री ......................................................

## अनुसूची -२

## (दफा ४ को उपदफा (२) सँग सम्वन्धित)

## निवृत्तभरकले बैङ्क खाता पुनः सुचारु गर्न दिने निवेदनको ढाँचा

मितिः ..............................

श्रीमान् प्रबन्धक ज्यू

... ... ... ... ... ... ... बैङ्क लि.

... ... ... ... ... ... ... ... ... ... शाखा

विषयः– **निवृत्तभरण भुक्तानी खाता पुनः सुचारु गरी दिने बारे** ।

महोदय,

निवृत्तभरण अधिकार पत्र नं. .................................................. को म.................................................. आफै उपस्थित भई यस बैङ्कमा मेरो नाममा रहेको निवृत्तभरण भुक्तानी खाता नं. ........................................................ थप एक वर्ष/छ महिना अवधिको लागि सुचारु गरी दिनु हुन निवेदन गर्दछु।

<table>
<tr>
<td>
<u>प्रमाणित गर्ने बैङ्क कर्मचारीको</u><br><br>
दस्तखतः<br>
नामः<br>
पदः<br>
संकेत नं:<br>
मितिः<br>
बैङ्क कोडः<br>
बैङ्कको छापः
</td>
<td>
<u>निवेदकको</u><br><br>
दस्तखतः<br>
नामथरः<br>
ठेगानाः<br>
<table>
<tr><td colspan="2">ल्याप्चे</td></tr>
<tr><td>दाँया</td><td>बाँया</td></tr>
<tr><td></td><td></td></tr>
</table>
</td>
</tr>
</table>

**अनुसूची -३**

**(दफा ५ को उपदफा (१) सँग सम्वन्धित)**

**निवृत्तभरकले विदेश स्थित नियोग मार्फत बैङ्क खाता सुचारु गर्न दिने निवेदनको ढाँचा**

मितिः .............................

श्रीमान् प्रमुखज्यू

... ... ... ... ... ... ..नेपाली नियोग,

... ... ... ... ... ... ... ... ... ...

विषयः– निवृत्तभरण भुक्तानी खाता सुचारु गर्न सिफारिस गरी दिने बारे ।

महोदय,

निवृत्तभरण अधिकार पत्र नं..................को म.................................................. प्रचलित ................ऐन/नियमावलीमा भएको व्यवस्था अनुसार निवृत्तभरण पाउन योग्य रही नेपाल स्थित बैङ्कमा आफै उपस्थित हुन असमर्थ भएको हुँदा मेरो............... बैङ्कमा रहेको निवृत्तभरण भुक्तानी खाता नं. ............................... थप एक वर्ष/ छ महिना अवधिको लागि सुचारु गरी दिन निवृत्तभरण व्ययवस्थापन कार्याल, काठमाडौंलाई सिफारिस गरी हुन अनुरोध गर्दछु।

<table>
<tr><td>प्रमाणितगर्ने<br>दस्तखतः<br>नामथरः<br>पदः<br>मितिः<br>कर्मचारी संकेत नंः<br>ईमेल र फोन नंः<br>नेपाली नियोगको नाम र ठेगानाः<br>नियोगको छापः</td><td>निवेदकको<br>दस्तखतः<br>नामथरः<br>नेपालको स्थायी ठेगानाः<br>हालको ठेगानाः<br>ईमेल :<br><table><tr><td colspan="2">ल्याप्चे</td></tr><tr><td>दाँया</td><td>बाँया</td></tr><tr><td></td><td></td></tr></table></td></tr>
</table>

**नोटः-** १. निवेदकको सहिछाप नियोगको कर्मचारीको प्रत्यक्ष निगरानीमा भएको हुनु पर्नेछ।

२. उपरोक्तानुसारको विवरण इमेल वा अन्य माध्यमबाट निवृत्तभरण कार्यालयले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ

## अनुसूची-४
## (दफा ७ को उपदफा (४) सँग सम्वन्धित)
## हिसाब मिलान सम्बन्धमा बैङ्कलाई गरिने अनुरोध पत्र
## निवृत्तभरण व्यवस्थापन कार्यालय/कोष तथा लेखा नियन्त्रक कार्यालय

.........................

मितिः

विषयः– हिसाब मिलान सम्बन्धमा ।

श्री... ... ... ... ... ... ... बैङ्क लि.

... ... ... ... ... . ... ... शाखा

निवृत्तभरण अधिकार पत्र नं. .................... का श्री/श्रीमती/सुश्री ........................... को नाममा त्यस बैङ्कमा रहेको निवृत्तभरण भुक्तानी खाता नं.................. मा बढी भुक्तानी भएको रकम रू............... (अक्षरेपी.....) तहाँ बैङ्कमा रहेको सरकारी पेन्सन समायोजन खातामा ट्रान्सफर गरीदिनु हुन अनुरोध छ।

..........................................

बोधार्थः–

श्री .......................................................